सूचना ४

श्री ५ को सरकारले मिति २०४३।६।३ को निर्णयानुसार सिंचाइ विकास समिति (गठन) आदेश, २०३२ को दफा ३ को उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी सो समितिको अध्यक्षमा जलस्रोत मन्त्रालयको अतिरिक्त सचिव रहने गरी हेरफेर गरेकोले यो सूचना प्रकाशित गरिएको छ ।

आज्ञाले,
मधुसूदन ढकाल
श्री ५ को सरकारको सचिव

भूलसुधार १

नेपाल राजपत्र भाग ३ खण्ड ३३ मिति २०४०।२।३० संख्या ६ मा प्रकाशित श्री ५ को सरकार, कृषि मन्त्रालयको सूचनाको पृष्ठ ६ को हरफ ६ मा "(च) यसमा स्यापोनिफाई नहुने पदार्थ (unsaponifiable matter):– १.२५ प्रतिशतभन्दा बढी हुनु हुँदैन" हुनुपर्नेमा "(च) यसमा स्यापोनिफाई नहुने पदार्थ (unsaponifiable matter):–१.२५ प्रतिशतभन्दा कम हुनु हुँदैन" हुन गएकोले भूलसुधार गरिएको छ ।

भूलसुधार २

नेपाल राजपत्र भाग ३ खण्ड ३६ मिति २०४३।६।१४ संख्या ३७ मा प्रकाशित श्री ५ को सरकार, कृषि मन्त्रालयको सूचनाको पृष्ठ ५ को हरफ १४ र २४ मा "(ख) सोडियम क्लोराइड (जलाम्स रहित):– ६६.० प्रतिशतभन्दा घटी नभएको" हुनुपर्नेमा "(ख) सोडियम क्लोराइड् (जलाम्स रहित):– ६६.० प्रतिशत भन्दा बढी नभएको" हुन गएकोले भूलसुधार गरिएको छ ।

कृषि मन्त्रालय

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।